# बित्थडचिर गाउँपालिका

## देउलेख, बझाङ

# आर्थिक वर्ष २०८१।०८२ को

# नीति तथा कार्यक्रम

मितिः २०८१ असाढ ०९ गते

**" कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्ध बित्थडचिरको आधार "**

गाउँसभा सदस्य ज्यूहरु,
विभिन्न राजनीतिक दलका जिम्मेवार प्रतिनिधि ज्यू,
विभिन्न तह र तप्कामा रही कार्यरत सम्मानित व्यक्तित्वहरु,
राष्ट्रसेवामा समर्पित राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षाकर्मीहरु,
उपस्थित पत्रकार महानुभावहरु, नागरीक समाज साथै सम्मानीत बित्थडचिर वासी आमजनसमुदायहरु,
यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई हर्षित महशुस गरेको छु। नव आर्थिक वर्ष २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विभिन्न माध्यमबाट सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजु भाइ तथा दिदी बहिनीहरु लगायत सम्पूर्ण आम जनमानसमा हार्दिक आभार सहित हामी सवैको तर्फबाट धन्यबाद ब्यक्त गर्दछु।

यस विशिष्ट अवसरमा राज्यलाई आजको अवस्था सम्म ल्याई पुऱ्याउन समयको विभिन्न काल खण्डमा देश निर्माण तथा राज्य व्यवस्था परिवर्तनका लागी आफ्नो अमूल्य जीवन समर्पण  गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धन्जली  व्यक्त गर्दछुँ । साथै बेपत्ता तथा घाईतेहरु र निजहरुका आश्रित परिवार जनहरुप्रति समेत उच्च सम्मान प्रकट गर्दै सम्पूर्ण बित्थडचिर वासी आम जनताहरु प्रति हार्दिकता पूर्वक सम्मान तथा आभार प्रकट गर्दछुँ ।हाम्रो स्थानीय सरकारलाई  नेपालको वर्तमान संविधान तथा लोकतान्त्रिक शासन व्यवस्थाको रक्षा गर्ने एक खम्बाको रुपमा लिँदै सामाजिक न्याय सहितको समृद्ध र आर्थिक सामाजिक एवमं सांस्कृतिक रुपान्तरणको पक्षमा पूर्ण समर्पणका साथ क्रियाशिल हुने हामी जन-निर्वाचित  प्रतिनिधिहरु शासक नभई जनताका सेवक हौं भन्ने कुरालाई मनन गर्दै जनताको सेवा गर्न वाट कहिल्यै विचलित नहुने र बित्थडचिर वासी जनताको जनजीवनमा सकारात्मक रुपले तात्विक परिवर्तन ल्याउन निरन्तर प्रयासरत रहने संकल्प समेत व्यक्त गर्दछौं।

सभाका सदस्य ज्यूहरु,
अव म हाम्रो सरकारले चालु आव २०८०।८१ का लागि गत वर्ष तय गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको समिक्षा यहाँहरु माझ प्रस्तुत गर्न चाहान्छुँ। गाउँपालिका क्षेत्र भित्र टेलिफोन नेटवर्कको २४सै घण्टा उपलब्धताका लागि टेलिकमको टावरमा विद्युत विस्तार कार्यक्रम सञ्चालन, वित्थडचिरका विद्युत विस्तार हुन बाकी ग्रामीण भेगहरुमा विद्युत विस्तार कार्यको थालनि र बाकी रहेका अन्य सवै बस्तीहरुमा पुर्ण विद्युतीकरणका लागी एसियाली विकाश बैङ्क द्वारा गरिने टेन्डर कार्यको लागि पहल अगाडि बढाइएको छ।  नि:शुल्क गर्भवती उद्धार एवम नि:शुल्क गर्भवती परिक्षण कार्यक्रम सञ्चालन गरिएको छ। फलफुल तथा तरकारी  पकेटक्षेत्रहरु लाई व्यवस्थित  गरी सघन कृषि क्षेत्र निर्धारण गर्ने तथा ती स्थानहरुमा सञ्चालन गरिने कृषि कार्यक्रमहरु लाई ब्यावसायिकरुपले संचालन गरिएको छ । विपद व्यवस्थापन तथा विभिन्न भौतिक निर्माणका कार्यहरु लाई सहज गर्न तथा गाउँपालिका भित्रका ग्रामिण शाखा सडकहरु लाई निरन्तर सञ्चालन गर्न पालिकाको व्याक हो लोडरद्वारा नियमित सडक सफाइ गरिएको छ। सामाजिक सुरक्षा भत्ताको सम्पुर्ण आर्थिक कारोवारमा विद्युतीय भुक्तानी प्रणाली (EFT) लागु गरिएकोछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरु लाई सम्मान सहित उचित प्रोत्साहन गरिएको छ। सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता विकाशका लागि  तालिम सञ्चालन   गरिएकोछ । शिक्षा क्षेत्रलाई व्यवस्थित बनाउन दोस्रो चरणमा गाउँ पालिका शिक्षा ऐनको कार्यान्वयनलाई प्रथमिकता दिइएको छ। महिला, दलित तथा अल्पसंख्यक को हितमा बजेट तथा कार्यक्रम तय गरी कार्यान्वयन गररिएकोछ।

सरकारी गैर सरकारी क्षेत्रहरु आर्थिक संकटतिर गुज्रिदै गरेको अवस्थामा हाम्रा स्थानीय व्यावसायी तथा फर्महरुलाई व्यापार विस्तारको लागि थप टेवा पुगोस भन्ने उदेश्यले अनलाईन व्यापार प्रबर्द्धनका लागि बित्थडचिर रुरल कमर्स सञ्चालनमा ल्याइएको छ। खरिद कार्यलाई पारदर्शी बानाउन विद्युतीय बोल कबोल E-Bidding मार्फत गर्ने कार्यलाई कार्यान्वयनमा ल्याइएको छ। विभिन्न खोला, नदी तथा अन्य स्रोत बाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइ खानेपानीको सुलभ आपूर्तिमा विशेष जोड दिइएको छ। टुक्रे योजना लाई निरुत्साहित गर्दै छुटपिट बाहेक अधिकतम योजनाहरु रु ५ लाख भन्दा माथिका वनाईएको छ। गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ। देउलेख स्थीत१५ शैय्या अस्पतालको निर्माण कार्य सञ्चालनमा रहेको छ। विद्यालय भवनहरु, खानेपानी लगायतका अति आवस्यक भौतिक पूर्वाधार निर्माणका थुप्रै कार्यहरु गरिएकोछ । विपद प्रभावितहरुका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोष खाता वाट दिईने राहात रकम भुक्तानीका लागि आवश्यक कार्यविधि बमोजिम छिटो, छरितो र सुलभ ढँगले राहत वितरण गरिएको छ।
लैंङ्गीक हिंसामा परेका न्यून आर्थिक अवस्था भएका नागरीकहरु लाई लैंङ्गीक हिंसा निवारण कोष मार्फत आवश्यक सहयोग प्रदान गरिएको छ। विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु सँग निरन्तर सहकार्य गरी विभिन्न सामाजिक विकासका कार्यक्रमहरु सुचारु गरिएकोछ।

गाउँ सभा सदस्य ज्यूहरु , अन्य उपस्थित महानुभावहरु,

संविधानले गणतन्त्र, समावेशिता, धर्मनिरपेक्षता, संघीयता, सकारात्मक विभेद सहितको समानुपातिक प्रतिनिधित्व सहितको समाजवाद उन्मुख राज्य व्यवस्थाको परिकल्पना गरेको भएता पनि यस गाउँपालिकाको समग्र अवस्था भने बमोजिम परिवर्त गर्न सकियको अवस्था छैन। उल्लेखित संवैधानीक व्यवस्था लाई साकार पार्न तथा जनताका समस्याहरु लाई एकिकृत रुपमा सम्बोधन गर्न गाउँपालिकामा विद्धमान सम्भावनाहरुको भरपुर उपयोग तथा चुनौतीहरुलाई सामूहिकरुपमा डटेर सामना गरी, व्यवस्था मात्रै नभई अवस्था समेत परिवर्तन हुने र जनताले महशुस गर्न सक्ने गरी जनजिविकामा नै परिवर्त गर्नु पर्ने गरी वस्तुनिष्ठ र कार्यान्वयन गर्न सक्ने गरी जनमुखी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनको पक्षलाई बलियो बनाउनु जरुरी छ।

समृद्ध, सुन्दर र समुन्नत गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ.व. २०८१।८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौ। उक्त प्रयोजनका लागि दिगो विकाशको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरिय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको परिचालन गरी समावेशी, उत्थानशिल तथा दिगो स्थानीय आर्थिक विकाश मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हासिल गर्न सार्वजनिक, निजि क्षेत्र, गैरसरकारी क्षेत्र र समुदायमार्फत साझेदारी विकास गरिनेछ।

यस गाउँपालिकाको निर्वाहमुखि कृषि प्रणाली, न्यून उत्पादकत्व तथा बाँझा जमिनहरु, उच्च वेरोजगारी, जनशक्तिको पलायन, सिमित श्रोत तथा साधनहरुका विच परिपूर्ती गर्नु पर्ने असिमित जनचाहानाहरु लगायतका समस्याहरुका बीचबाट नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन, २०७४ ले स्थानीय सरकारलाई दिएका हक र अधिकारहरु लाई कागजमा मात्र नभएर जीवन व्यवहारमा रुपान्तरण गर्न तथा समग्र बित्थडचिरको विकाश गर्न यो नीति तथा कार्यक्रम कोशेढुङ्गा सावित हुने विश्वासका साथ अघी सारेकोछुँ। सबै प्रकारका विभेदहरुको अन्त्य गर्दै पछाडी परेको भुगोल तथा समुदायको उत्थान गर्न

संविधान प्रदत्त स्थानीय तहको अधिकार लाई प्रभावकारी रुपमा कार्यान्वयन गरी, प्राप्त साधन र स्रोतको न्यायोचित वितरण गर्दै कार्यकारी अधिकार लाई बित्थडचिर वासीको समृद्दीका लागि प्रयोग गर्ने संकल्पका साथ **" कृषि, पर्यटन र पूर्वाधार विकास, समृद्द बित्थडचिरको आधार "** को लक्ष्य सहित यो नीति तथा कार्यक्रम सम्मानीत सभामा प्रस्तुत गरेको छुँ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

**अव म आर्थिक बर्ष २०८१।८२ को प्रमुख नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।**

**(क) शिक्षा युवा तथा खेलकुद क्षेत्रः**

**" गुणस्तरीय र प्रविधियुक्त शिक्षाः बित्थडचिर गाउँपालिकाको अपेक्षा " भन्ने सोच सहित**

१. सवैका लागि अनिवार्य तथा नि:शुल्क अधारभुत शिक्षा सुनिश्चित गर्न विद्यालय शिक्षामा पहुच, सहभागिता,संस्थागत क्षमता विकाश र गुणस्तर सम्बन्धी विभिन्न कार्यक्रम संचालन गरिनेछन।

२. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पुर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

३. पालिका स्तरीय खेलकुद स्टेडियम निर्माणका लागि संघ सरकार र प्रदेश सरकारसँग विशेष पहल गरिनेछ।

४. विद्यालयको वातावरण बालमैत्री, अपांगमैत्री र सिकाइ अनुकुल बनाउन आवस्यक पहल गरिनेछ।

५. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्यकर्मी तथा फोकल शिक्षकहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

६. एक विद्यालय एक बालविकास केन्द्रको अवधारणा प्रभावकारी रुपमा लागु गरी प्रारम्भिक बालविकास केन्द्रको सिकाइ सुधार र बालविकास सहजकर्ता शिक्षकहरुको क्षमता विकाशका लागि पालिका स्तरमा स्थानीय विज्ञ समूहको परिचालन, क्लस्टर निर्माण तथा परिचालन गरी पेशागत सहयोग कार्यक्रम एवम शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण कार्यक्रम लागू गरिनेछ।

७. विद्यालयको शैक्षिक नेतृत्वलाई बलियो बनाउन प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक नियुक्ति गरिनेछ। हरेक वर्ष प्रधानाध्यापको कार्यसम्पादन करार सम्झौता प्रणालीको विकास गरिनेछ।

८. मागमा आधारित छोटो अवधिका शिक्षक कस्टमाइज्ड तालिम तथा क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९. आवश्यकताको आधारमा विद्यालयको नक्साङ्कन, समायोजन र पुनःर्वितरण गरी शिक्षक दरबन्दी मिलान कार्यलाई अगाडि बढाइनेछ।

१०.विद्यालयलाई आधुनिक सूचना प्रविधिसित जोड्न पालिकाले प्रविधिमैत्री सिकाइ कार्यक्रम सञ्चालन गर्नेछ साथै सबै विद्यालयमा आइटि ल्यावको स्थापना कार्यक्रम लाईनिरन्तरता दिइनेछ।

११.विभिन्न विपद जन्य घटनाबाट विद्यार्थीको सिकाइ स्तरमा परेको क्षती आपुरणका लागि शिकाइ आपुरण तथा दुर्त शिकाइ योजना (REAL PLAN) लाई प्रभावकारी कार्यान्वयनमा लगिनेछ।

१२.मासिक चक्रमा प्रवेश गरेका छात्राहरुको पढाइमा निरन्तरता दिन तथा स्वास्थ्य सरसफाइका लागि मासिक रुपमा स्यानेटरी प्याडको वितरण तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

१३.विद्यालयमा सबै बालबालिकाको पहुँच सुनिश्चितताको लागि छात्रवृत्ति लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ। कक्षा ८ र १० मा विपन्न लक्षित छात्रवृत्ती कार्यक्रममा सबै बालबालिकाको पहुँच विस्तार गर्न विद्यालयहरुलाई आवश्यक सहजीकरण गरिनेछ। विपन्न, गरीब, पिछडिएका वर्ग तथा भिन्न क्षमता भएका बालबालिकाको पहिचान गरी शैक्षिक सहयोग कार्यक्रम लागु गरिनेछ।

१४.अतिरिक्त क्रियाकलाप वा पाठ्यक्रममा आधारित क्रियाकलापको माध्यमबाट बालबालिकाको अन्तर्निहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन अतिरिक्त शैक्षिक क्रियाकलापहरुको सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१५.विद्यालयमा सिकाइ वातावरण सुनिश्चित गर्न तथा प्रस्तावनामा आधारित पालिका प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन तथा पालिका स्तरीय नमूना विद्यालय तथा आवासीय विद्यालय विकास कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

१६.बालबालिकाको सिकाइका लागि अभिभावक सशक्तीकरण तथा प्रोत्साहन कार्यक्रम लागू गरिनेछ ।विद्यालय शिक्षामा उत्कृष्ट कार्यसम्पादन देखाउन सफल विद्यालय,प्रधानाध्यापक तथा शिक्षकहरुलाई शिक्षा दिवसको अवसरमा विशेष सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

१७.नेपाल सरकार र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालित दिवा खाजा कार्यक्रम र यसका पुरक कार्यक्रमहरु (विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम, प्रारम्भिक तह कक्षा पढाइ कार्यक्रम (EGRP),स्थानीय उत्पादनमा आधारित दिवा खाजा कार्यक्रम) साझेदार संस्था विश्व खाद्य कार्यक्रम र यस पालिकाको साझेदारी र समन्वयमा प्रभावकारी रुपमा निरन्तर सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।

१८.विद्यालय दिवा खाजा कार्यक्रम लाई प्रभावकारी रुपमा सञ्चालन गर्न स्थानीय उत्पादन प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

१९.विद्यालय क्षेत्रलाई शान्तिपूर्ण र हरित विद्यालयका रुपमा विकास गर्नका लागि विद्यालय परिसरमा वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ ।

२०.खेलकुदलाई गाउँपालिकाको अभिन्न अंगको रुपमा विकास गर्न आवश्यक पहल गरिनेछ । खेलकुद विकासका लागि सबै वडाहरुमा आवश्यक न्यूनतम पूर्वाधार निर्माणका लागि आवश्यक  व्यवस्था गरिनेछ।

२१. खेलाडीहरुको प्रतिभा प्रस्फुटनका लागि विभिन्न स्तरमा आयोजना हुने विभिन्न विधाका खेलकुदहरूमा सहभागी गराउने व्यवस्था गरिनेछ । उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडीहरुलाई  सम्मान सहित उचित प्रोत्साहन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

२२. पालिका क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक वर्षको अन्तमा आन्तरिक मुल्याङ्कन प्रतिवेदन निर्माण गरी सार्वजनिक गर्ने व्यवस्था गरिनेछ ।

२३.गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुलाई खेलकुद क्षेत्रमा प्रोत्साहन गर्न खेलकुद सामाग्रीको व्यवस्थापन गरिनेछ।

ख) **स्वास्थ्य क्षेत्रः**

"गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह, स्वस्थ जीवनको आधार, प्रतिबद्ध स्थानीय सरकार" भन्ने नाराका साथ

१. आर्थिक रुपमा अति विपन्न, असहाय, टुहुरा बालबालिका तथा गर्भवती महिलाहरुको स्वास्थ्य जाच र उपचारका लागि निजहरुलाई आपतकालिन अवस्थामा स्वास्थ्य संस्थासम्म ल्याउन-लैजान निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

२. स्वास्थ्य सेवालाई गुणस्तर, प्रभावकारी, सर्वसुलभ, सबैको पहुँचयोग्य बनाउन पालिकाको स्वास्थ्य नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ |

३. मेरो स्वास्थ्य मेरो जिम्मेवारीको अवधारणा अनुरुप नागरीकहरुलाई स्वस्थ जीवनशैली तर्फ अभिप्रेरित गर्न नागरीकको जीवन पद्धतिको रुपमा योगअभ्यास तथा ध्यानको प्रवर्द्धन गरिनेछ ।

४. स्वास्थ्य सेवामा नागरीकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र रहेका प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई थप व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५. मातृ तथा नवशिशु मृत्यूदरलाई कम गर्न नियमित गर्भजाँच, संस्थागत सुत्केरी प्रवर्द्धन, प्रत्येक स्वास्थ्य संस्थामा दक्ष तालिम प्राप्त प्रशुतिकर्मीको व्यवस्थापन, दुर्गम बस्ती टोलहरुमा ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत नियमित गर्भजाच, घरमै गएर सुत्केरी आमा र नवशिशुको स्वास्थ्य परीक्षण गरी गुणस्तरीय मातृ तथा नवशिशु सेवाको प्रत्याभूति सहित पुर्ण संस्थागत सुत्केरीयुक्त पालिका अभियानलाई निरन्तरता दिइनेछ ।

६. नियमित खोप, छुट बच्चाको खोजी गरि खोप लगाउने कार्य तथा पुर्ण खोप सुनिश्चितता, निरन्तरता तथा दिगोपना कार्यक्रमलाइ पनि निरन्तरता दिइनेछ।

७. सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धि रोग र रुग्णताको पहिचान गर्नका लागि एकीकृत प्रजनन् स्वास्थ्य शिविर संचालन गर्नुका साथै उपचारका लागि प्रेषण सेवाको व्यवस्था मिलाईने छ |

८. गाउँटोलहरुमा रहेका कुपोषित बालबालिकाहरुको खोजी गरी कुपोषित भेटिएका बालबालिकाहरुलाई पोषक तत्वयुक्त खानेकुरा वितरण, उपचार तथा निगरानी कार्यलाई निरन्तरता दिइनेछ ।

९. देउलेख प्राथमिक स्वास्थ्य केन्द्रको ल्याव सेवा लाई व्यवस्थित र विश्वसनीय बनाउनका लागि आवश्यक उपकरणहरुको व्यवस्थापनलाई विशेष जोड दिईनेछ । प्राथमिक स्वास्थ्य केन्द्रमा वाट प्रवाह हुने आयुर्वेद सेवा लाई थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

१०. जेष्टनागरीकहरु लाई उच्च रक्तचाप, मधुमेह, दम जस्ता दिर्घ रोगहरुको निःशुल्क जाँच, र उपचारको प्रबन्धलाई निरन्तरता दिइनेछ ।

११.सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको वार्षिक दुइ पटक स्वास्थ्य परिक्षण जाच, जुकाको औषधी, किशोरीहरुका लागि आइरन चक्की वितरण र स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१२.गाउँपालिका क्षेत्र भित्रका वर्थिङ सेन्टरहरुलाई व्यवस्थित गर्दै आवश्यक सामग्री र औषधि समेतको प्रभावकारी व्यवस्थापन साथै कार्यरत जनशक्तिलाई तालिममा निरन्तरता दिइनेछ ।

१३.महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई प्रभावकारी तुल्याइनेछ ।

१४. स्वास्थ्य संस्थाहरुको सेवा सुद्धिढीकरण गर्न न्यूनतम सेवा मापदण्डको सुचक अनुशारको प्राप्त सुचना तथा प्रगतीको आधारमा पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड लागु तथा कार्यान्वयन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५.स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था मिलाईनेछ ।

१६.सामुदायिक विद्यालयका छात्राहरु लाई विद्यालयमा नै आईरन चक्की तथा जुकाको औषधी खुवाउने कार्य लाई थप व्यवस्थित गरी प्रभावकारी रुपमा निरन्तरता दिइनेछ ।

१७.गाउँपालिका भित्र सुनौला १००० दिनका गर्भवती तथा सुत्केरी आमाहरु र बालबालिकाहरुको पोषणको अवस्था सुधारका लागि विशेष कार्यक्रम लागु गरिनेछ ।

१८.गाउँपालिकाबाट दिईने विपन्न नागरीक उपचार सहायता रकम आवश्यक कार्यविधि बमोजिम चुस्त दुरुस्त ढँगले वितरण गर्ने प्रबन्ध मिलाईनेछ ।

१९.समुदायमा कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरुले प्रवाह गर्नु भएको सेवाको उच्च सम्मान गर्दै उहाँहरु लाई उचित प्रोत्साहन तथा आवश्यक तालिमलाई समेत निरन्तरता दिइनेछ ।

२०.सरकारको नीति बमोजिम सरकारी स्वास्थ्य संस्था वाट पाउनु पर्ने निःशुल्क सेवाहरु तथा औषधीहरु को उचित व्यवस्थापन सहित निरन्तरता दिईनेछ ।

२१. दुर्गम तथा स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसक्ने जेष्ठ नागरिक तथा फरक क्षमता भएका व्यक्तिहरुका लागि गाउँमै निःशुल्क स्वास्थ्य चेक जाँच तथा आवश्यक औषधि उपचारका लागि स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ।

२२. स्थापना भएका स्वास्थ्य संस्थाहरुको भौतिक संरचनाहरुको स्तरोन्नती तथा थप भौतिक संरचनाहरु निर्माण गर्न आवश्यक व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

२३. ग्रामिण क्षेत्रमा निःशुल्क गर्भवती चेकजाँच (अल्ट्रा साउण्ड) सेवालाई निरन्तरता दिईनेछ।

२४. प्रत्यक वडामा आपतकालिन उद्धार समुह गठन गरी उनीहरुलाई प्राथमिक उपचार तालिम प्रदान गरिनेछ।

**(ग) कृषि क्षेत्रः**

१. गाउँ घरमा उत्पादित कृषि उत्पादनहरुलाई विशेष प्रथमिकताकासाथ बजारीकरण गर्ने नीति ल्याइनेछ। कृषि उत्पादनहरुलाई विषादी रहीत तथा अर्गानिक बनाउन विशेष पहल गरिनेछ।

२. गाउँपालिका भित्र उत्पादित तरकारी तथा खाद्यान्न लाई सामुदायिक विद्यालयहरुको दिवा खाजा कार्यक्रम सँग जोड्दै बजार सुनिश्चिततालाई थप व्यवस्थित बनाइनेछ।

३. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि आवश्यक पहल गरिनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरु लाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइने छ।

४. गाउँपालिका भित्र उत्पादिन कृषि उपजहरुको लामो समय सम्म भण्डारण गर्न शितभण्डार गृह निर्माणका लागि आवश्यक पहल गरिनेछ।

५. विद्यालय दिवा खाजा कार्यक्रमका लागि आवस्यक तरकारी र दाल पुर्णतया स्थानीय उत्पादनै प्रयोग गर्नु पर्ने व्यवस्था मिलाईने छ।

६. फलफुल, तरकारी तथा अन्न बालीहरुको पकेटक्षेत्रहरु लाई व्यवस्थित गरी सघन कृषि क्षेत्र निर्धारण गर्ने तथा ती स्थानहरुमा सञ्चालन गरिने कृषि कार्यक्रमहरु लाई व्यवसायिकरुपले संचालनका लागि पहल गरिनेछ।

७. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै निर्वाह मुखी कृर्षि प्रणालिलाई व्यवसायी करण गर्न आवश्यक पहल गरिनेछ

८. कृषकहरुको तथ्याङ्क राख्ने कार्यलाई थप व्यवस्थित गर्दै आगामि आर्थिक वर्षमा सबै तथ्याङ्क संकलन कार्य लाई निरन्तरता दिइनेछ।

९. गाउँपालिका भित्रका उत्कृष्ट तथा व्यवसायीक कृषकहरुलाई कृषि शाखाबाट आवश्यक प्राविधिक सल्लाह दिनु का साथै प्रोत्साहन समेत उपलब्ध गराईनेछ।

१०. दुग्ध जन्य कृषि उत्पादन तथा मासु जन्य कृषि उत्पादनलाई बढवा दिन नश्ल सुधार, कृतिम गर्भाधान लगायतका आवश्यक कार्यक्रमहरु सञ्चालन गरी किसानहरु लाई व्यवसायिक बनाउने गरी उक्त उपजहरुको आन्तरिक उत्पादन वृद्धि गरी आयात प्रतिस्थापनका लागि विशेष पहल गरिनेछ ।

११. कृषि योग्य भुमीमा सिँचाई सुविधा पुर्‍याउन साना तथा मझौला खालका सिँचाई आयोजनाहरु निर्माणमा बिशेष जोड दिइनेछ।

१२. पशुपालक किसानहरुको क्षति न्यूनिकरणका लागि पशु विमा तथा वाली विमा कार्यक्रम लागु गर्न विशेष पहल गरिनेछ।

१३. गाउँपालिकाले प्रदान गर्ने पशु स्वास्थ्य सेवा लाई थप प्रभावकारी रुपमा लागु गरिनेछ। निःशुल्क वितरण गरिने औषधि लगायतका अन्य पशु स्वास्थ्य परामर्श सेवाहरु लाई व्यवस्थीत गर्दै प्रभावकारी वनाईनेछ।

१४. महिला स्वास्थ्य स्वयम सेवीका, स्वास्थ्य कर्मी तथा कृषि शाखामा कार्यरत कर्मचारीहरुको संयुक्त पहलमा एक घर एक करेशाबारी कार्यक्रम लागु गरी मौसम अनुसारका तरकारी उत्पादन तथा पोषण अभिवृद्धिका लागि विशेष पहल गरिनेछ।

१५. कृषकहरुको आयआर्जन बृद्धिका लागि उन्नत जातको विउँ विजन, घाँसको विउँ वितरण तथा सिजनल फलफूलका विरुवा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१६. गाउँपालिका भित्र उत्पादन भयका कृषि उत्पादनलाई बजारीकरण गर्न कृषि एम्बुलेन्स कार्यक्रमका लागि संघ र प्रदेश सरकारसंग समन्वय गरिनेछ।

**(घ) सहकारी विकाश तथ गरिबी निवारण क्षेत्रः**

१. सहकारी संस्थाहरुको संस्थागत शुसासन प्रवर्द्धन गर्दै निक्षेप कर्ताहरुको हित संरक्षणका लागि नियमित अनुगमन तथा नियमन कार्यलाई प्रभावाकारि तुल्याइनेछ।

२. गाउँपालिका क्षेत्र भित्र रहेका कृषि सहकारी लगायतका अन्य सहकारीहरु लाई व्यवस्थित गर्दै गाउँपालिकामा अनिवार्य दर्ता गर्ने तथा नियमन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३. नया सहकारी दर्ता गर्नु भन्दा कार्य प्रकृतिका आधारमा एकीकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

४. उत्पादन मूलक सहकारीहरुको स्थापना गरीएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनमा अनुदान दिने नीति लिइनेछ।

५. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।

**(ङ) महिला बालबालिका,दलित तथा समाज कल्याण क्षेत्रः**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। लैंगिक हिंसा विरुद्ध शून्य सहनसिलताको नीति अवलम्बन गरिनेछ।

२. " उपाध्यक्ष महिला उत्थान कार्यक्रम" अन्तर्गत लैंगिक हिंसा तथा बालविवाह, छाउपडी जस्ता कुप्रथालाई अन्त्य गर्न शून्य सहनशिलताको नीति अवलम्बन गरी सबै वडा, बस्ति र गाउँ तहमा रुपान्तरण कार्यक्रमका साथै महिलाको लागि आर्थिक सामाजिक सशक्तीकरण कार्यक्रम संचालन गरिने छ।

३. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहीन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

४. महिला, बालबालिका, जेष्ठ नागरीक, अपाङ्गता र दलित लक्षित सिपमूलक कार्यक्रम संचालन गरी लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैंगिक उत्तरदायी तथा महिला मैत्री बजेटलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

५. महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई प्राथमिकतामा राखिनेछ।

६. लैंगिक तथा महिला हिंसा अन्त्य गर्न ९ वटै वडाहरुमा सामुदायिक मनोसामाजिक कार्यकर्ताहरु निरन्तर परिचालन गरी हिंसा प्रभावितको प्रतिकार्यका लागि प्रभावितको पहिचान, प्राथमिक मनोसामाजिक सहायता, आवश्यक अन्य सेवाहरुका लागि सम्बन्धित निकायमा प्रेषण गरी हिंसा प्रभावित महिलालाई सहयोग पुऱ्याइनेछ र लैंगिक तथा महिला हिंसा रोकथाम गर्न विवाहित दम्पति र उनका परिवारका सदस्यहरुलाई लैंगिक मान्यता र व्यवहार परिवर्तन संवाद कार्यक्रम संचालन गरिनेछ।

७. जेष्ट नागरीक तथा फरक क्षमता भएका नागरीकहरुको मर्यादित जीवनका लागि उहाँहरु प्रतिको दुर्व्यवहारमा शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ । जेष्ठ नागरीकहरुको अनुभव तथा सिपको उपयोग गर्दै जेष्ठ नागरीक सम्मान कार्यक्रम, अपाङ्गता भएका नागरीकलाई सहायता सामाग्री सहयोग कार्यक्रमलाई निरन्तरता दिईनेछ । सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज गर्न बैंकसँग आवश्यक समन्वयलाई निरन्तरता दिइनेछ।

८. प्रत्यक दलित टोलमा आरन र सिलाई कटाइ कार्यलाई व्यवसायीकरण गर्दै आधुनिकीकरण तर्फ लगिनेछ।

९. दलित तथा पिछडियका वर्गहरुको जीविकोपार्जनका लागि आयमुलक कार्यक्रम सञ्चालनलाई विषेश प्राथमिकता दिइनेछ ।

१०.अपाङ्गता भएका व्यक्तिहरुको मर्यादित जीवनका लागि अभियान सञ्चालन गर्ने, अपाङ्गता भएका व्यक्तिको पहिचान एवम परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ । साथै सरकारी कार्यालयहरुका भौतिक संरचना निर्माण गर्दा अपाङ्गमैत्री बनाइने छ ।

११.हिंसा मुक्त गाउँपालिका अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलता नीति लिइनेछ । घरेलु हिंसा द्वारा पिडितको संरक्षणका कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

१२.पालिकाका सबै वडाहरु बालमैत्री स्थानीय शासन लागु गर्दै क्रमशः पालिकालाई बालमैत्री घोषणा गरिनेछ ।

१३.बालबिवाह अन्त्यका तयार गरिएको रणनैतिक कार्ययोजना २०८० कार्यान्वयन गर्दै यस पालिकालाई बालबिवाह अन्त्य गर्न बालबिवाह मुक्त टोल तथा वडा घोषणा गरिनेछ ।

१४.आर्थिक रुपले विपन्न तथा दलितहरुलाई आय आर्जन मुलक कार्यक्रम तथा परम्परागत व्यवसाय सुदृढीकरणका लागि आवश्यक नीति तयार गरी लागु गरिनेछ ।

१५.महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा संचालित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ ।

१६.गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१७.बाल अधिकारको सुनिश्चितताको लागि गाउँपालिका तथा वडा स्तरीय बाल अधिकार समिति र बालक्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । बाल श्रम मुक्त तथा बालमैत्री गाउँपालिका निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१८.लैंङ्गीक हिँसा निवारण, वालविवाह न्यूनीकरण, छाउपडी प्रथा, छुवाछुत तथा जातिय विभेद लगायतका समाजमा विद्धमान विभिन्न किसिमका कुप्रथा तथा कुसंस्कारहरुलाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१९.लैंङ्गीक हिंसामा परेका न्यून आर्थिक अवस्था भएका नागरीकहरुलाई लैंङ्गीक हिंसा निवारण कोषबाट आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२०.कार्यविधि बमोजिम सामाजिक सुरक्षाको रुपमा दिईने एकल पुरुष भत्ता वितरणलाई निरन्तरता दिईनेछ ।

**(च) उद्यमशिलता विकास, रोजगार तथा स्वरोजगार क्षेत्रः**

१. रोजगार सेवा केन्द्रबाट सञ्चालनमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन EMIS मा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई यस पालिकाबाट सञ्चान हुने विभिन्न योजना तथा कार्यक्रममा प्राथमिकीकरणका आधारमा रोजगारी प्रदान गरिनेछ ।

२. वैदेशिक रोजगारीमा जान चाहाने ब्यक्तिहरुका लागि पुर्व श्रम स्वीकृती तथा पुन: श्रम स्वीकृतीका लागि गाउँपालिका बाटै सहजीकरण गरिनेछ।

३. रोजगार सेवा केन्द्रबाट सञ्चालन हुने विकाश निर्माणका आयोजनाहरुको "योजना बैङ्क" तयार गरी सोही अनुरुप कार्यान्वयन गरिनेछ।

४. "**श्रमको सम्मान राष्ट्रको अभियान**" भन्ने मुल नाराका साथ श्रमजीवी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

**५.** विगतमा तालिम लिएका नागरीकहरुको लगत राखि तालिम प्राप्तहरुलाई उद्यमतिर प्रोत्साहित गर्न आवश्यक नीति अवलम्वन गरिनेछ ।

**६.** उद्यमीहरुलाई आवश्यक प्रविधि हस्तान्तरण कार्यलाई निरन्तरता दिईनेछ ।

**७.** प्रधानमन्त्री रोजगार कार्यक्रमलाई तालुक मन्त्रालयको कार्यक्रम सञ्चालन निर्देशिका तथा कार्यविधि बमोजिम परिणाममुखी तथा दिगो भौतिक संरचना निर्माण तर्फ केन्द्रित गरिनेछ । उक्त कार्यक्रमका लागि आवश्यकताको आधारमा सामगी खरिद तथा दक्ष जनशक्ति परिचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

**८.** गाउँपालिकाबाट विनियोजित रकमबाट सञ्चालन हुने भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा सेवा क्षेत्रका सुचिकृत उपभोक्ताहरुलाई विपन्नता तथा वेरोजगारीका आधारमा काममा प्राथमिकता दिईनेछ ।

**९.** स्वरोजगार तर्फ उन्मुख घरेलु तथा लघु उद्यमिहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

**(छ) वन, वातावरण, विपद व्यवस्थापन तथा जलवायु परिवर्तन क्षेत्र:**

" नवीन सोच र सृजना, प्राकृतिक प्रणालीको पुनस्थापना " **भन्ने मूल नाराका साथ**

१. विद्धमान वन क्षेत्रको क्षेत्रफल विस्तार तथा वनको घनत्व वृद्धि तथा संरक्षणका लागि वन उपभोक्ता समूहहरुसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी वन व्यवस्थापन समितिहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. गाउँपालिका क्षेत्र भित्रका सामूदायिक वनहरु, सरकारी वनहरु तथा नीजि वनहरुलाई संरक्षण गर्न विशेष योजना तय गरिनेछ।

३. भु-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिम व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४. आकस्मिक विपद उद्धारलाई थप प्रभावकारी बनाउन सुनकुडा, देउलेख र स्याडीमा हेलिप्याड निर्माण गरिनेछ।

५. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानी आपूर्ति गर्ने व्यवस्थाका लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।

६. कटानको जोखिम रहेका नदीहरुमा जैविक तथा जालिदार तटबन्ध तथा नदी किनारमा वृक्षारोपण गरी बाढीबाट हुने कटानलाई नियन्त्रण गरिनेछ।

७. जलाधार तथा सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाईनेछ ।

८. संशोधित विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन २०७४ अनुसार पालिकामा महामारी, प्रकोप र आकस्मिक विपदको पूर्व तयारि योजना, व्यवस्थापन तथा प्रतिकार्य योजना सहित अति आवश्यक सेवा, उद्धार संयन्त्र र पुनर्स्थापनाको व्यवस्था मिलाईनेछ साथै विपद प्रभावित गर्भवती, सुत्केरी महिला, किशोरी, अपांगता भएका, ज्येष्ठ नागरीकहरुको संरक्षण र न्यूनतम आवश्यक सेवाहरु प्रदान गरिनेछ |

९. विपद प्रभावितहरुलाई राहत वितरण कार्यक्रम अन्तर्गत बाढी पहिरो प्रभावित, आगलागी र भुकम्प प्रभावित लगायत अन्य सवै किसिमका विपद प्रभावित क्षेत्रका बासिन्दाहरुलाई वितरण गरिने राहत कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. सडक किनारा र सार्वजनिक स्थानहरुमा हरियाली, सफा र सुन्दर राख्ने नीति तय गरिनेछ ।

११. गाउँपालिका क्षेत्र भित्रका खुला स्थानहरु साथै जोखिम पुर्ण स्थानहरुको पहिचान तथा नक्साङ्कन गर्ने नीति अबलम्बन गरिनेछ।

१२. गाउँपालिका अन्तर्गत रहेका पालिका स्तरीय तथा वडा स्तरीय बिपद् व्यवस्थापन समितिका सम्पुर्ण सदस्यहरुलाई विपद पुर्व तयारी तथा प्रतिकार्य योजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी क्षमता विकास गरिनेछ।

१३. जयवायु परिवर्तनको असरलाई न्यूनिकरण गर्न आवश्यक जनचेतना मुलक तथा सचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१४. प्लाष्टिक जन्य फोहोरमैला नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

१५. विभिन्न किसिमका विपद जन्य घटनाहरुलाई न्यूनीकरण गर्न तथा विपदबाट हुने क्षेती न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । विपद उद्धार तथा राहात कार्यलाई व्यवस्थित गर्न विपद व्यवस्थापन कोषको खातामा आवश्यक रकम जम्मा गरी सोही कोष खातबाट व्ययभार व्यहोर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१६. जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति अवलम्वन गरिनेछ।

१७. विपद प्रभावितहरुका लागि गाउँपालिकाको विपद व्यवस्थापन कोष खाताबाट दिईने राहत रकम भुक्तानीका लागि विपद प्रभावित आर्थिक सहायता कार्यविधि २०८० बमोजिम छिटो छरितो तरिकाले राहत वितरण गरिनेछ ।

१८. वन पैदवार संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पहल गरिनेछ । वन पैदावार तथा वन्यजन्तुको चोरी निकासी नियन्त्रणका लागि सम्बन्धित निकायहरुसँग निरन्तर सहकार्य गरिनेछ ।

१९. नदी जन्य तथा खानी जन्य उत्पादनहरु जस्तै ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा नीकासीमा निश्चित मापदण्ड तय गरिनेछ।

**(ज) आर्थिक विकास तथा पर्यटन विकास क्षेत्रः**

१. पर्यटन विकासलाई स्थानीय आर्थिक विकासको मेरुदण्डको रुपमा लिईनेछ । गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय क्षेत्रहरुको स्तरोन्नती, सहज पहुँचका लागि आवश्यक आधारभुत भौतिक संरचना निर्माण तथा प्रचार प्रसारमा जोड दिईनेछ ।

२. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरु बित्थड, भाटी गुफा, दहताल, खसिलडा, सिगासधुरा, रुमधुम, पट्टो लेक, धारछडी झरना, दिक्कोट लगाएत क्षेत्रहरुलाई व्यवस्थित गर्न पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसार तथा आवश्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकार तथा संघीय सरकारसँग निरन्तर पहल गरिनेछ ।

३. **बित्थड पर्यटकीय पार्क**लाई व्यवस्थित रुपले सञ्चालन गर्न आवश्यक स्रोत साधनको व्यवस्था गरी थप सुबिधासम्पन्न बानाइनेछ ।

४. गाउँपालिकाको समग्र आर्थिक विकासका लागि घरेलु तथा लघु उद्यमी सृजना गर्ने, उद्यमतिर प्रोत्साहन गर्ने, कृषि फर्महरुलाई सक्रिय बनाउने , उत्पादनलाई बजारीकरणका लागि सहजीकरण गर्ने, उद्यमीहरुलाई प्रोत्साहन सहयोग दिने नीति अवलम्बन गरिनेछ ।

५. कृषि तथा गैह्र कृषि क्षेत्रको विकास तथा व्यवस्थापन, उत्पादन वृद्धि लगाएतका विषयमा आवश्यक नीति तयार गरी लागु गरिने छ ।

६. स्थानीय कच्चा पदार्थहरु जस्तै भाङ्गो, अल्लो लगायत विभिन्न वन पैदावारमा आधारित साना तथा घरेलु उद्योगहरुलाई विषेश प्राथमिकता दिईनेछ ।

७. धार्मिक तथा सांस्कृतिक ईतिहाँस बोकेका स्थानीय कला र संस्कृतीको जगेर्ना, गरी विभिन्न स्थानमा सञ्चालन हुने धार्मिक जात्रा तथा मेला पर्वहरुलाई पर्यटकीय दृष्टीकोणबाट जोडिनेछ ।

८. बित्थड पर्यटकीय क्षेत्र प्रचार प्रसार तथा पर्यटन प्रवर्धनका लागी राष्टिय स्तरको कार्यक्रम आयोजना गरिने छ।

**(झ) भौतिक पूर्वाधार विकास तथा शहरी विकास क्षेत्रः**

१. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको दिगोपना र पारदर्शिताका लागि वडा स्तरमा उपभोक्ता समिति अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२. गाउँपालिका भित्र सञ्चालन हुने पुर्वाधारका योजनाको गुणस्तर कायम गराउन गुणस्तर परीक्षण इकाइ स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

३. नागरीकको सुरक्षित आवासको हकलाई सुनिश्चित गर्न खरका छाना मुनी बसोवास गर्ने न्यून आर्थिक अवस्था भएका नागरीकहरुलाई सुरक्षित नागरीक आवास कार्यक्रम अन्तरगत जस्ताको छाना निर्माण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

४. गाउँपालिका भित्र रहेका विद्यालयहरुमा उचित खानेपानीको पहुचलाई सर्वसुलभ ढँगले व्यवस्थापन गर्ने कार्यलाई प्रथमिकता दिइनेछ ।

५. ग्रामीण तथा कृषि सडकहरुलाई व्यवस्थित रुपमा बाह्रै महिना सञ्चालन गर्न निर्मित सडकहरुको स्तरोन्नतीलाई विषेश प्राथमिकता दिईनेछ ।

६. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने ठुला आयोजनाहरु पहिचान गरिनेछ। यस कार्यका लागि सँघ तथा प्रदेश सरकारसंग आवस्यक समन्वय गरिनेछ ।

७. गाउँपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधनको भाडादर कायम गरी एकरुपता ल्याइनेछ ।

८. गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ।

९. ठुला भौतिक पूर्वाधारका योजना निर्माण गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन अनिवार्य गरिनेछ । गाउँपालिका भित्रका गौरवका आयोजना निर्धारण गरी कार्यान्वयनका लागि प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ ।

१०.गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रमा सुरक्षित खानेपानी, सार्वजनिक शौचालय निर्माण, फोहोरमैला व्यवस्थापन तथा स्ट्रिट लाईट जडान जस्ता शहरि विकासका कार्य सञ्चालन गर्न पहल गरिनेछ । फोहोरमैला व्यवस्थापन तथा विसर्जनका लागि आवश्यक पर्ने डम्पिङ साईटको पहिचाहन गरिनेछ ।

११.भवन निर्माण कार्यलाई सुरक्षित र व्यवस्थित गर्न नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजनामापदण्ड

२०५६ लगायतका राष्ट्रिय प्रादेशिक स्थानीय भूमिव्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई अबलम्बन गरिनेछ ।

१२. राष्ट्रिय भु-उपयोग नीति अवलम्वन गरिनेछ, जग्गाको वर्गीकरण कार्यलाई आगामि आर्थिक वर्षमा पुर्णता दिइनेछ ।

१३. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा संघीय सरकार, प्रदेश सरकार तथा निजी क्षेत्रसंगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी निरन्तर कार्यान्वयन गरिनेछ ।

१४. टुक्रे योजनाहरुलाई निरुत्साहित गरिनेछ । गाउँपालिका क्षेत्र भित्र उपभोक्ता समिति मार्फत निर्माण हुने सार्वजनिक संस्थाहरुको भौतिक निर्माणमा गुणस्तरियता कायम गर्न तथा दिगो पना समेत कायम गर्न जनश्रमदानको अंश न्युनतम ५ प्रतिशतमा झारिनेछ।

१५. गाउँपालिका बासीलाई सुरक्षित खानेपानीको सुनिश्चितताका लागि एक घर एक धारा को अवधारणालाई निरन्तरता दिईनेछ । सरसफाई प्रवर्धनका लागि आवश्यक नीति तय गरिनेछ ।

१६. उज्यालो बित्थडचिर अभियानलाई साकार पार्न नेपाल विद्युत प्राधिकरणसँगको लागत साँझेदारीमा गाउँपालिका गौरवको आयोजनाको रुपमा ग्रामीण क्षेत्रलाई क्रमश राष्ट्रिय विद्युत प्रशारण लाईनसँग जोड्ने कार्यलाई निरन्तरता दिईनेछ । विद्युत महसुल भुक्तानीका क्रममा जनताहरुले पाएको विद्यमान सास्तीलाई न्यूनीकरण गर्न नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वयलाई निरन्तरता दिइनेछ ।

१७. वैकल्पिक उर्जाको विकास, आधुनिक घट्टहरु, साना तथा लघु जलविद्युत आयोजनाहरुको विकास कार्यलाई निरन्तरता दिईनेछ।

**(ञ) सूचना तथा सँचार प्रविधिः**

१. गाउँपालिका मातहतका सबै निकाय र पाहिलो चरणमा गाउँपालिका भित्रका मुख्य बजार क्षेत्रलाई इन्टरनेटको सस्तो, सहज र भरपर्दो सुबिधाका लागि पहुच सुनिश्चितता गर्दै Fiber Net विस्तार गरिने छ।

२. नागरीकहरुको सुचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सुचनामैत्री बनाइने छ।

३. गाउँपालिकाद्वारा प्रदान गरिने सेवाहरुसँग सम्बन्धित सुझाव, सल्लाह र जनगुनासाहरु पठाउन अनलाईन गुनासो पेटिका ‘‘हेलो बित्थडचिर’’ कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

४. सुनकुडा नमुना मा.बि. का विद्यार्थीहरुको ‘‘कम्प्युटर इन्जिनियरिङ ओ जे टी व्यवस्थान’’ कार्यक्रमलाई थप प्रभावकारी ढँगले सञ्चालन गरी पालिका स्तरमै दक्ष सूचना प्रविधि जनशक्ति निर्माण गरिने छ ।

५. बित्थडचिरको स्थानीय सरकारबाट सम्पादन हुने कार्यक्रमको सुचना तथा जानकारी जनता माझ प्रवाह गर्न सामाजिक सञ्जाल, वेभवसाइट र अन्य सञ्चारका माध्यमहरु मार्फत सहज ढंगले सुचना प्रवाह गर्ने व्यवस्था मिलाईने छ ।

**(ट) सुशासन तथा शान्ति सुरक्षा क्षेत्रः**

१. नागरीकहरुका जन गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सोको प्रभावकारी रुपले सम्बोधन गर्ने अनलाईन तथा भौतिक गुनासो व्यस्थापन प्रणालीलाई थप मजबुत बनाइनेछ ।

२. आधारभुत बस्तु तथा सेवाको सहज आपुर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

३. गाउँपालिकामा स्वीकृत दरबन्दी अनुरुप कर्मचारी भर्नाका लागि लोकसेवा आयोगमा माग गरी कर्मचारी अभावको समस्या समाधान गरिनेछ। कर्मचारीहरुलाई बदलिदो प्रविधि तथा परिवेश अनुरुप सेवा प्रभावका लागि आवश्यक तालिमको व्यवस्था लाई निरन्तरता दिइनेछ।

४. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य निरन्तरता दिइनेछ।

५. खरिद कार्यलाई विद्युतीय बोल कबोल E-Bidding मार्फत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. ४ वर्ष भित्र गाउँपालिकाको आफ्नै प्रशासकीय भवन लगायत सबै वडा कार्यालयहरुले आफ्नै भवनबाट सेवा प्रवाह गर्ने नीति अवलम्बन गरी वडा कार्यालयहरुको केन्द्रमा जग्गा प्राप्ति गर्ने तथा भवन निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

७. प्रत्यक ३।३ महिनामा सूचनाको हक बमोजिम नियमित प्रकाशन गर्नु पर्ने विवरणहरु गाउँपालिकाले गाउँपालिकाको सूचना पटी र वेवसाइट मार्फत प्रकाशन गर्ने व्यवस्था मिलाईनेछ।

८. गाउँपालिकामा स्वीकृत दरबन्दी अनुरुप कर्मचारी भर्नाका लागि लोकसेवा आयोगमा माग गरी कर्मचारी अभावको समस्या समाधान गरिनेछ। कर्मचारीहरुलाई बदलिदो प्रविधि तथा परिवेश अनुरुप सेवा प्रभावका लागि आवश्यक तालिमको व्यस्था गरिनेछ।

९. जनप्रतिनिधिहरुका लागि क्षमता विकास योजनाले उल्लेख गरेका क्षेत्रहरुमा आवश्यक तालिमको व्यवस्था गरिनेछ। विभिन्न किसिमका गोष्ठीहरु तथा अध्ययन अवलोकन भ्रमण समेतको व्यवस्था गरिनेछ।

१०. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शून्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुमा सुझाव तथा गुनासो पेटिकाहरुद्वारा संकलित गुनासोहरुको सुनुवाइलाई थप व्यवस्थित गरिनेछ।

११. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुलाई सफ्टवेयरमा आधारित बनाई विद्युतीय प्रणाली मा जोड्ने व्यस्था मिलाईनेछ।

१२. गाउँपालिकाका काम कारबाहीलाई थप पारदर्शी बनाउनका लागि आगामि आ.व. देखि चौमासिक रुपमा सार्वजनिक सुनुवाइ गर्ने र वडा स्तरमा कार्यान्वयन हुने योजनाहरुको सार्वजनिक जनसुनुवाइलाई पनि कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ।

१३. सार्वजनिक खरिद कार्यलाई थप प्रभावकारी तथा चुस्त बनाउन खरिद योजना तथा खरिद समित बनाई सम्पूर्ण खरिद कार्य सार्वजनीक खरिद ऐन तथा नियमावली बमोजिम मात्र गरिनेछ।

१४. गाउँपालिकाको सुरक्षा व्यवस्थालाई चुस्त र दुरुस्त बनाउन सुरक्षा निकायलाई आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालीन खर्चसंरचना (MTEF) पद्धति निरन्तर प्रयोगमा ल्याइनेछ।

१६. संघीय सरकार, प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैहसरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी स्थानीय सरकारले आफ्नो श्रोत र साधनले गर्न नसकेका विभिन्न भौतिक, सामाजिक, आर्थिक विकासका क्षेत्रमा कार्य गर्नका लागि आवश्यक साँझेदारी सहित निरन्तर पहल गरिनेछ।

१७. सवै वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरुको कार्यसम्पादनलाई प्रभावकारी तथा प्रविधि मैत्री बनाउन सुलभ ईन्टरनेट सेवाको पहुँच पुर्याईनेछ।

१८. गाउँपालिका क्षेत्र भित्र फोनको नेटवर्क नआउने ठाँउमा नेपाल टेलिकमको टावरहरु स्थापना गर्न तथा देउलेख स्थित टावरलाई स्तरोन्नती गर्न नेपाल टेलिकमसँग आवश्यक निरन्तर समन्वय गरिनेछ।

१९. जिल्ला स्थित विभिन्न कार्यालयबाट प्रवाह हुने सेवाहरु जस्तैः नागरीकता गाउँपालिका बाटै दिने व्यवस्थाका लागि सम्बन्धित कार्यालयहरुसँगको सहकार्यमा शिविरको आयोजना गर्न निरन्तर पहल गरिनेछ ।

२०. गाउँपालिका भित्र सञ्चालन हुने निर्माण कार्यमा कामदारहरु प्रयोग गर्ने तर समयमा ज्याला नदिने समस्यालाई समाधान गर्न निर्माण व्यवसायीले अनिवार्य रुपमा कामदारसँग दैनिक रुपमा दिने ज्याला, चोटपटक लाग्दा उपचार तथा बिमा सुविधा समेत खुलाई सम्झौता गर्नु पर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**(ठ) न्यायिक कार्य सम्पादनः**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारि न्याय सम्पादन गर्न आवस्यक नीति तथा कानुनको प्रबन्ध गरिनेछ।

२. गाउँपालिकाका ९ वटै वडाहरुमा मेलमिलाप केन्द्र गठन गरी न्याय निरुपणलाई प्रभावकारी बनाउन मेलमिलाप कर्ताहरुको व्यवस्था गरी क्षमता विकासका लागि आवश्यक तालिम समेतको व्यवस्था गरिनेछ ।

३. न्यायिक कार्य सम्पादनलाई चुस्त दुरुस्त र व्यवस्थित गरिनेछ । न्यायिक समिति तथा न्यायिक समितिमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धीका लागि आवश्यक तालिमलाई निरन्तरता दिइनेछ ।

४. न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेका मुद्दाहरुको समयमै सुनुवाई गर्ने व्यवस्था गरिनेछ । विद्यमान कानूनी व्यवस्था तथा न्यायिक समितिको क्षेत्राधिकार सम्बन्धी जानकारी दिने गरी समुदायमा सञ्चालन गरिने कार्यक्रमलाई थप व्यवस्थित बनाइनेछ ।

गाउँ सभा सदस्यहरु,
अन्तमा यो नीति तथा कार्यक्रम तर्जुमाको क्रमका सहयोग गर्नु हुने उपाध्यक्ष ज्यू , वडाध्यक्ष ज्यूहरु, सबै विषयगत शाखाका जिम्मेवार पदाधिकारीहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुखहरु र सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, आफ्नो अमूल्य राय सुझाव दिनु हुने राजनीतिक दल, विभिन्न पेशासँग आवद्द पेशा कर्मीहरु लगायत आम बित्थडचिर वासी नागरीकहरुलाई धन्यवाद दिदै नीति कार्यक्रमको कार्यान्वयको लागि रचनात्मक सुझाव सहित सहयोगको अपेक्षा गरेको छुँ।

**धन्यवाद ।**

अध्यक्ष
अमर सिंह महर